**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

बबई राजपत्र

**बबई गाउँपालिकाद्वारा प्रकाशित**

खण्डः ८) बबई दाङ,     संख्याः ३     मितिः २०८१/०४/०८

**भाग-१**

**बबई गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय, हापुरे, दाङ

**बबई गाउँपालिकाको गाउँकार्यपालिकाले बनाएको तल उल्लेखित कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ को अधिकार प्रयोग गरी बमोजिम बबई गाउँपालिका भित्र रहेका एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१ बबई गाउँकार्यपालिकाको मिति २०८१/०४/०५ गतेको बैठकवाट यो कार्यविधि स्वीकृत गरी जारी गरिएको छ ।

# एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन कार्यविधि २०८१

**प्रस्तावनाः**

बबई गाउँपालिका भित्र खास गरी स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका बासिन्दालाई स्वास्थ्य सेवाको सर्व सुलभ पहुँचमा पुयाउनका लागी एम्बुलेन्स सेवा संचालनलाई पारदर्शी सरल, भरपदों र पहुँच बढ़ाई स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्न वान्छनिय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ को अधिकार प्रयोग गरी बबई गाउँपालिकाले देहायको कार्यविधि जारी गरेको छ।

## परिच्छेद १

**१. संक्षिप्त नाम र प्रारम्भः** (क) यो कार्यविधिको नाम 'एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ रहेको छ ।

(ख) यो कार्यविधि बबई गाउँकार्यपालिकाले स्वीकृत गरी स्थानिय राजपत्रमा प्रकाशन भएको मिति बाट प्रारम्भ हुने छ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) 'एम्बुलेन्स" भन्नाले विरामी ओसार्नको लागी स्वीकृति प्राप्त वाहन सम्झनु पर्छ।

(ख) "एम्बुलेन्स जनशक्ति भन्नाले एम्बुलेन्स मा उपस्थित रहने स्वास्थ्यकर्मी र चालकलाइ सम्झानु पर्छ ।

(ग) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ ।

(घ) "गाउँपालिका" भन्नाले बबई गाउँपालिकालाई सम्झनु पर्छ ।

(३) "समिति" भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ ।

(४) "सेवा" भन्नाले एम्बुलेनसले विरामीलाइ दिने सम्पुर्ण सेवा सम्झनु पर्छ ।

(छ) "सेवा शुल्क" भनाले एम्बुलेन्स प्रयोग गरे बापत सेवाग्राहीले बुझाउनुपर्ने गरि समितिले तोकेको गुन्क सम्झानु पर्छ ।

**३. एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिमा देहायका पदाधिकारी रहनेछन्**

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) कार्यपालिका सदस्य मध्ये दलित महिला अल्पसंख्यकको प्रतिनिधित्व हुने गरी ३ जना -सदस्य

**४. एम्बुलेन्स संचालन तथा व्यवस्थापन समिति**

एम्बुलेन्स संचालन तथा व्यवस्थापन समिति देहाय बमोजिम रहने छः-

(क) सामाजिक समिति संयोजक -संयोजक

(ख) राजश्व शाखा प्रमुख -सदस्य

(ग) जिन्सी शाखा प्रमुख -सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

(ङ) स्वास्थ्य शाखा प्रमुख -सदस्य सचिव

**५. समितिका काम कर्तव्य र अधिकार**

(१) एम्बुलेन्स सेवा पारदर्शी सरल, भरपर्दो र व्यवस्थित रुपमा संचालन गरे नगरेको अनुगमन गर्ने।

(२) चालकले पालना गर्नु पर्ने आचार संहिता लागु गराउने।

(३) एम्बुलेन्स सेवाका बारेमा कुनै गुनासो वा उजुरी आएमा सोको व्यवस्थापन गर्ने।

(४) एम्बुलेन्सको दररेट निर्धारण गरी कार्यपालिकाबाट पारित गराउने।

(५) सरोकारवाला वा अन्य संघ संस्था विच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समिक्षा बैठक बस्ने।

(६) एम्बुलेन्स संचालनका लागी अन्य थप मापदण्ड निर्माण गर्ने।

(७) चालक ले अनुसूचि १ बमोजिम सेवा शुल्क लिई बैंकमा दाखिला गरे नगरेको समय समयमा निरिक्षण गर्ने।

**६. सेवा शुल्क सम्बन्धि व्यवस्थाः**

(१) एम्बुलेन्स सेवा प्रयोग गरे बापत सम्बन्धित सेवा ग्राहीले अनुसूचि २ मा उल्लेख भए

अनुसारको रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ।

(२) सेवा दिए वापत सेवा शुल्क नगदी रसिद काटी बैंक खातामा वा पालिकाको राजश्व खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालकको हुनेछ।

**७. चालक नियुक्ति र सेवा सुविधा**

(१) एम्बुलेन्स सेवा संचालनको लागी गाउँपालिकाले एक एम्वुलेन्सको लागि एक जना योग्य चालकको व्यवस्था गर्ने छ।

(२) चालकको पारिश्रमिक  कार्यापालिकाले तोके बमोजिम हुनेछ ।

(३) गाउँकार्यपालिकाले तोकिए बमोजिम चालकको दुर्घटना बीमा गरिनेछ।

(४) चालकले पालना गर्नुपर्ने आचारसंहिता अनुसूचि २ बमोजिम हुनेछ।

(५) एम्बुलेन्स सेवा सुचारु हुँदा चालकलाई भत्ता नेपालगञ्ज, वुटवल, चितवन र काठमाडौं को लागी क्रमशः दैनिक रु ७००, १०००,१२०० र १५००।० हुनेछ।

(६) चालकलाई संचालक समितिको निर्णय अनुसार अन्य थप सेवा सुविधा उपलब्ध गराउन सकिनेछ।

## ८. एम्बुलेन्स रहने स्थान र सोको मर्मत संभार

(१) आवश्यकता अनुसार संचालन तथा व्यवस्थापन समितिको निर्णयानुसार तोकिनेछ ।

(२) एम्बुलेन्सको नियमित मर्मत संभार गर्ने जिम्मेवारी चालकको हुनेछ।

(३) एम्बुलेन्स चालु अवस्थामा राख्ने जिम्मेवारी चालकको हुनेछ।

## ९. विविध

(१) एम्बुलेन्समा रहने न्यूनतम सेवा दुविधा नयाँ औषधी विवरण अनुसूचि ३ बमोजिम हुनेछ।

(२) एम्बुलेन्समा सवार विरामी, विरामीका आफन्तको बीमाको दायित्व सेवाग्राही स्वयमको हुनेछ।

(३) आवश्यक्ता र औचित्यको आधारमा कार्यपालिकाले यस कार्यविधि को दफाहरु थपघट र संशोधन गर्न सक्नेछ ।

# अनुसूचि १

## निर्देशिकको दफा ५ संग सम्बन्धित दररेट

**यस दररेटलाई थपघट गर्नु परेमा आवश्यकताअनुसार कार्यपालिकाले गर्न सक्नेछ ।**

| सि.नं | स्थान देखि | स्थान सम्म | स्वीकृत दररेट | कैफियत |
|---|---|---|---|---|
| १ | बबई | तुल्सीपुर | ३००० | |
| २ | बबई | घोराही | ४००० | |
| ३ | बबई | बुटवल | १३००० | |
| ४ | बबई | नेपालगंज | ८००० | |
| ५ | बबई | चितवन | २०००० | |
| ५ | बबई | काठमाण्डौं | ३०००० | |

एम्बुलेन्सको तोकिएको सेवा शुल्क र मागफारम गरी विरामी लैजानु अगावै गाउँपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ।

१० कि.मी भित्र रहेका स्थानका लागि प्रति कि.मी

(क) कच्ची सडक छोटो दुरी प्रति कि.मी रु.२००।-

(ख) पक्की सडक छोटो दुरी प्रति कि.मी रु.१५०।-

(ग) सिलिण्डर अक्सिजन प्रति घण्टा रु.१००/-

माथि जुनसुकै कुरा उल्लेख गरिएतापनि पालिकाभित्रका १० कि.मि भन्दा टाढा रहेका स्थानका लागि कच्ची सडकको हकमा रु१०० प्रति कि.मि बुझाउनुपर्नेछ ।

(घ) सुत्केरी सेवाको लागी घरबाट पालिका भित्रका स्वास्थ्य संस्थामा पुर्याउनको लागी निःशुल्क व्यवस्था गर्ने

(ङ) सर्पले टोकेका विरामीका लागि तुल्सीपुर पुर्याउनको लागि निःशुल्क व्यवस्था गर्ने ।

## अनुसूचि २

## एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचारसंहिता

(क) एम्बुलेन्स  सेवा संचालन तथा व्यवस्थापन कार्यविधि २०८१ लाई पूर्ण पालना गर्ने।

(ख) आफ्नो पेशागत भुमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वसनियता कायम गर्दै आफ्नो पेशाको मानमर्यादामा खलल पुग्ने काम गर्न नहुने।

(ग) मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने

(घ) बिरामी र बिरामीका परिवारलाई सम्मानयुक्त व्यहार र उच्च स्तरिय सेवा प्रदान गर्नुपर्ने।

(ड) आफूले लिएका निर्णयमा आफै जवाफदेहि हुनुपर्ने।

(च) आफ्नो पेशागत दक्षता सुधार लैजानु पर्ने।

(छ) बिरामी ओसारपसार गर्दा उसको बारेमा जानकारी लिई सोही अनुसार सेवा प्रदान गर्ने।

ज) विरामीलाई बिच बाटोमा अलपत्र गर्न नहुने।

(झ) विरामीको गोपनियता खोल्न नहुने।

(ञ) एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा सहयोग पुर्याउनु पर्ने।

(ट) नेपाल सरकारले प्रतिवन्ध लगाएका वस्तु ओसार पसार नगर्ने, प्रचलित कानूनको पालना गर्नुपर्ने। त्यसो नगरे कानूनी कारवाहीको भागेदार हुनुपर्नेछ।

## अनुसूचि ३

निर्देशिकाको दफा ९ को उपदफा १ संग सम्बन्धित वर्गको एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरण विवरणः

(क) First Aid का सामानहरु,

(ख) Oxygen Cylinder, Flow Meter/Mask जडित वा जरुरी परेमा राख्न सकिने अन्यसाधनहरु,

(ग) IV Injectionदिन सक्ने व्यवस्था,

(घ) Stretcher cum Board,

(ङ)Stethoscope, B.P. Apparatus, Torchlight,

(च) Driver with basic training in first aid and emergent medicine

प्रमाणीकरण मितिः २०८१।०४।०५

आज्ञाले,

चेत नारायण कंडेल

प्रमुख प्रशासकीय अधिकृत